# बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा , जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**आ.व.२०८१/२०८२ को लागि आन्तरीक आय तर्फका बोलपत्र आह्वानको सुचना**

**प्रथम पटक प्रकाशित मिति:२०८१/०४/२३**

**स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ व्यवस्था** भए बमोजिम यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने प्रारामि्भक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार **ढुंगा, गिट्टी, बालुवा, रोडी तथा नदीजन्य पदार्थको उत्खनन, विक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक)** कार्यका ठेक्का वन्दोबस्तीबाट गर्नुपर्ने भएको हुदाँ देहाय बमोजिमका खोला/नदीहरुका स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी कर्णाली प्रदेश सरकारको आर्थिक बिधयक २०८०/२०८१ को अनुसूची-६ **मा उल्लेखित** प्रति ईकाइ दररेटमा विक्री गर्ने गरी वढावढको माध्यमबाट बोलपत्र आव्हान गर्नुपर्ने भएकोल ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०८०।०८१ का कर चुक्ता वा म्याद थपको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | खण्ड | संकलन उत्खनन /नाका | वडा नं. | अधिकतम उत्खनन तथा विक्री परिणाम ( घ.फि.) | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|---|
| NCB/Riverbed/BRM/01/2081/082 | | बारेकोट गाउँपालिका क्षेत्र भयर बग्ने नरसिंह गार्ड खोलाबाट नदिजन्य पदार्थ उत्खनन गर्ने कार्य | वडा नं.२,६,८र ९ | ११६४७००।३५ | रु. ३०९२१२४।७७ | रु.३००० | |

२०८१।४।२२

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

# बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लिम्सा , जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

**शर्तहरु :**

१. **उल्लेखित ठेक्काको उत्खनन कार्य आ.व.२०८१।०८२ को जेष्ठ मसान्त सम्मका लागि हुनेछ ।**

२. राष्ट्रियस्तरको खुला बोलपत्र दर्ता मिति र स्थान २०८१।०५।२१ दिनको १२:०० बजे सम्म www.bolpatra.gov.np मा दर्ता गराउनुपर्नेछ ।

३. राष्ट्रियस्तरको खुला बोलपत्र खोल्ने मिति २०८१।०५।२१ दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर राष्ट्रियस्तरको खुला बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।

४. राष्ट्रियस्तरको खुला बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखी गणना गरिनेछ ।

५. राष्ट्रियस्तरको खुला बोलपत्र साथ जमानत धरौटी (विडवन्ड) वापत आफुले कबोल गरेको अंकको ५ प्रतिशत दरले हुन आउने धरौटी रकम कम्तिमा ९० दिन समय म्याद भएको कृषी बिकास बैंक बारेकोट गाउँपालकिाको कार्यालयको नाममा जारी भएको धरौटी खाता नं ०७२६४०१५४८०९७०३० बमोजिमको रकम जम्मा गरको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल विडवण्ड बझाउनुपर्नेछ ।

६. राष्ट्रियस्तरको खुला बोलपत्रमा BoQ भर्दा कावोल रकम अंक र अक्षरमा स्पस्ट उल्लेख भएको गर्नुपर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र फारम दस्तुर बराबर को रकम बारेकोट गाउँ पालिकाको कार्यालयको नाममा रहेका कृषी बिकास बैंक राजस्व खाता नं ०७२६४०१५४८०९७०९१ मा जम्मा गरी स्क्यान कपी सिस्टममा अपलोड गनुपर्ने छ ।

८. एक फर्मका नाम बाट खरिद गरिएको राष्ट्रियस्तरको खुला बोलपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन

९. कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कल राष्ट्रियस्तरको खुला बोलपत्र वाहेक अन्य राष्ट्रियस्तरका खुला बोलपत्र लाई मान्यता दिइने छैन ।

१०. राष्ट्रियस्तरको खुला बोलपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । कुनै वा सवै राष्ट्रियस्तरको खुला बोलपत्र,पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. राष्ट्रियस्तरको खुला बोलपत्र दाताले राष्ट्रियस्तरको खुला बोलपत्रामा मुल्य अभिवृद्धि कर बाहेकका दररेट उल्लेख गर्नुपर्नेछ ।

१२. राष्ट्रियस्तरको खुला बोलपत्र दर्ता गर्ने फर्महरुले कामको स्तर र कामको विवरण र बोलपत्र फारमको ठेक्काको शर्तहरु सम्बन्धमा राम्रो संग पढी बुझी राष्ट्रियस्रतको खुला बोलपत्र भरेको मानिनेछ ।

१३. राष्ट्रियस्तरको खुला बोलपत्र कर्ताल खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

२०८१।४।२२
लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

# बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लिम्सा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

१४. म्याद नाघी आएको वा रित नपुगेका वा कुनै शर्त राखी पेश गरेका राष्ट्रियस्तरको खुला बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१५. राष्ट्रियस्तरको खुला बोलपत्र सम्पुर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन सहित सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन नियम कायविधि बमोजिम हुनेछ ।

१६. राष्ट्रियस्तरको खुला बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टास भएको मितिले ७ (सात) दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक वाट ईजाजत प्राप्त (फरफरमेन्स वण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०८२ असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पटटा उठाउनेपर्नेछ । साथै ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरको अंक सेवा,शुल्क वापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३% भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।

१७. तोकिएको म्याद भित्र पटटा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्तो गरिनेछ ।

१८. गत विगत वर्षमा यस गाउँपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेका फर्म वा कम्पनीले यो सुचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

१९. यस सम्वन्धी विस्तृत विवरणका लागि गाउँपालिकाको वइव साईट www.barekotrm.gov.np र www.bolpatra.gov.np /egp मा हेर्न सकिनेछ अथवा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गनुपर्नेछ ।

२०८१।१४।२२

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत